नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

# डडेल्धुरा अस्पताल

डडेल्धुरा

पत्र संख्याः ०८२।८३

०९६ - ४१०२५४ (सोधपुछ)
०९६- ४१०३७२ (अस्पताल प्रशासन)

## बिषयः घर भाडा लिने सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मिति २०८२/०८/१२ गते)

आ.व. २०८२/८३ मा यस डडेल्धुरा अस्पतालले चिकित्सक तथा स्वास्थ्यकर्मीहरूका लागि आवास प्रयोजनार्थ घर वहालमा लिनुपर्ने भएकोले, सार्वजनिक खरिद नियमावली २०६४ को परिच्छेद ९ को नियम ९४ बमोजिम निम्न मापदण्डको अधिनमा रहि आफ्नो घर भाडामा दिन ईच्छुक कम्पनी, फर्म वा व्यक्तिबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र देहाय अनुसारको विवरण सहितको सिलबन्दी निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

<u>क) आवश्यक मापदण्ड र घरमा हुनुपर्ने सुविधाहरू:</u>

१. घर भएको क्षेत्र/स्थानः अमरगढी न.पा. बागबजार (पिपल चौतारा) देखि किर्तिपुरबजार (कारागार कार्यालय) र अमरगढी किल्ला (जिल्ला प्रहरी कार्यालय) सम्म हुनुपर्ने छ।

२. आवश्यक कोठा संख्या ८० वटा र कोठाको Minimum Size 9 x12 feet भएको हुनुपर्ने छ ।

३. खानेपानी, बिजुली र शौचालयको निरन्तर व्यवस्था भएको हुनुपर्ने छ ।

४. प्रत्येक कोठामा बिघुत सब-मिटर, अलग/अलग ढोका र कम्तीमा एउटा झ्याल भएको हुनुपर्ने छ ।

५. प्रत्येक कोठामा घाम लाग्ने र उज्यालो छिर्ने हुनुपर्ने छ ।

६. प्रत्येक कोठामा फर्निचर (बेड-१, टेवल-१ र कुर्ची-१) को ब्यवस्था हुनुपर्ने छ ।

<u>ख) आवश्यक कागजात र खुल्नुपर्ने विवरण:</u>

१. घर भाडामा दिने कम्पनी, फर्म वा व्यक्तिको हस्त लिखित निवेदन ।

२. नेपाली नागरिकताको प्रतिलिपि ।

३. भाडामा दिने घरको मासिक भाडा दर प्रतिकोठा रू २५०० देखि ३००० सम्म हुनेछ ।

<u>ग) घर भाडामा दिनेलिने सम्बन्धमा अन्य ब्यवस्थाहरू:</u>

१. सबैभन्दा घटी कबोल दर रेटबाट घरभाडा लिईनेछ ।

२. घर भाडामा प्रयोग लिएका कोठाहरूको मात्र खानेपानीको महसुल भाडावाल स्वयंले भुक्तानी गर्नुपर्ने साथै विघुतको न्युनतम महशुल मात्र कार्यालयले भूक्तान गर्नेछ।

३. अन्य कुराको हकमा दुई पक्ष बिचको आपसि सहमति अनुसार सम्झौता पत्रमा उल्लेख गरी लागु गरिने छ ।

४. यो सूचना आ.ब. २०८२/०८३ को लागि मात्र लागु हुनेछ ।

<u>घ) प्रस्ताव पेश गर्ने स्थान र अन्तिम मितिः</u>

१. तोकिएको मितिमा कार्यालय समय भित्र दर्ता गरि सक्नुपर्नेछ ।

२. म्याद भित्र दाखिला हुन नसकेका प्रस्ताव उपर कुनै कारवाही हुने छैन ।

**डडेल्धुरा अस्पताल, डडेल्धुरा**

*Email: dadeldhura.hospital@gmail.com,* *Website: www.dadeldhurahospital.gov.np*